# कक्षा सातमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीले
# नेपाली सिकाइमा गर्ने पदसङ्गतिगत त्रुटि


मनकुमारी इदिङ्गो
परीक्षा क्रमाङ्क : २०४००१६/२०७१
त्रि.वि.दर्ता नं. : ६-१-२-१७९२-२००४


नेपाली शिक्षामा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत शोधपत्र


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
नेपाली शिक्षा विभाग
कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा
सन् २०१७/२०७४



कक्षा सातमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीले नेपाली सिकाइमा गर्ने पदसङ्गतिगत त्रुटि मनकुमारी इदिङ्गो २०७४

# कक्षा सातमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीले नेपाली सिकाइमा गर्ने पदसङ्गतिगत त्रुटि

मनकुमारी इदिङ्गो
परीक्षा क्रमाङ्क : २०४००१६/२०७१
त्रि.वि.दर्ता नं. : ६-१-२-१७९२-२००४

नेपाली शिक्षामा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत शोधपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
नेपाली शिक्षा विभाग
कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा
सन् २०१७/२०७४

**प्रतिबद्धता पत्र**

प्रस्तुत *कक्षा सातमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीले नेपाली सिकाइमा गर्ने पदसङ्गतिगत त्रुटि* शीर्षकको शोधपत्र मैले सम्बन्धित विषयको गहन अध्ययन गरी तयार पारेकी हुँ । यसमा भएका तथ्यहरू सबै प्रमाणिक हुन् । यसमा मेरो मौलिक प्रस्तुति छ । अन्यथा भएमा म कानुनअनुसार दण्डित हुन तयार छु ।

--------------------

मनकुमारी इदिङ्गो

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका–३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.
मिति :............................

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषयको पाठ्यांश नेपाली शिक्षा ५९८ प्रयोजनार्थ प्रस्तुत *कक्षा सातमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीले नेपाली सिकाइमा गर्ने पदसङ्गतिगत त्रुटि* नामक शोध शीर्षकको शोधपत्र यस क्याम्पसका शोधार्थी छात्रा *मनकुमारी इदिङ्गो*ले मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यसँग म सन्तुष्ट छु। यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

११ अक्टोबर २०१७

**शोधनिर्देशक**

सहप्रा. जीवनाथ सुवेदी
नेपाली शिक्षा विभाग
कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा

## कृतज्ञता ज्ञापन

मैले त्रिभुवन विश्वविद्यालय शिक्ष ास्त्र सङ्काय अन्तर्गत कनकाई बहुमुखी क्याम्पसमा अध्ययन गरी स्नातकोत्तर तह दोस्रो वर्ष नेपा.शि. ५९८ पाठ्यांशको परिपूर्ति प्रयोजनको लागि *कक्षा सातमा अध्ययनरत, लिम्बूभाषी विद्यार्थीले नेपाली सिकाइमा गर्ने पदसङ्गतिगत त्रुटि* शीर्षकमा पाँच अध्यायमा विभाजित प्रस्तुत शोधपत्र तयार गरेकी हुँ । यो शोधपत्र मेरा श्रद्धेय गुरु सहप्रा. जीवनाथ सुवेदीको कुशल निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आफ्नो अत्यन्त व्यस्त जीवनमा पनि मलाई अमूल्य समय, समुचित सुझाव, सल्लाह र मार्ग निर्देशन दिनु भई यस शोधकार्य लेखनमा उपयुक्त निर्देशन दिँदै लेखन कार्यलाई सफल बनाउने प्रेरणा दिनुभएकोमा उहाँप्रति म हार्दिक श्रद्धा एवम् कृतज्ञता व्यक्त गर्दछु ।

शोधप्रस्ताव लेखनदेखि नै आफ्ना अमूल्य सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने आदरणीय गुरु नेपाली विभागका विभागीय प्रमुख उपप्रा. विष्णुप्रसाद कोइरालाप्रति आभार व्यक्त गर्दछु । यस्तै गरी नेपाली विभागका उपप्रा. शेरबहादुर बानियाँ, सहायक प्रा. तेजप्रसाद खनाल, सहप्रा. कोमलप्रसाद पोखरेल र शोधपत्र लेखनका क्रममा निरन्तर रूपमा सुझाव दिनुहुने सम्पूर्ण गुरुहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस क्याम्पसमा अध्ययन गर्ने क्रममा आवश्यक व्यवस्था मिलाइदिनुहुने आदरणीय क्याम्पस प्रमुख सहप्रा. टङ्कबहादुर कार्कीप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

सदा इज्जत र प्रतिष्ठाका लागि जीवनमा सङ्घर्ष गर्नुपर्दछ भन्ने नैतिक अर्ती उपदेश दिँदै विभिन्न व्यवहारिक र आर्थिक समस्याहरूसँग सङ्घर्ष गरेर आफ्नो अमूल्य समय, श्रम र पसिना खर्चेर सदा स्नेह र मायाले मलाई यस अवस्थासम्म ल्याइपुऱ्याउन साथ दिई सहयोग गर्नुहुने तथा लिम्बू भाषासम्बन्धी जानकारीका लागि विशेष सहयोग पुऱ्याउनु हुने मेरा आदरणीय बुबा चन्द्रबहादुर इदिङ्गो र आमा सरमाया इदिङ्गोप्रति म सदैव ऋणी छु । मलाई उहाँहरूले मेरो अध्ययनमा साथ दिनु भएकोमा म विशेष आभार प्रकट गर्दछु ।

त्यसै गरी झापा जिल्लाका छनोटमा परेका श्री जानकी मा.वि. (कचनकवल) र प्र.अ. अगहनलाल राजवंशी, श्री सरस्वती मा.वि. (भद्रपुर) र प्र.अ.विश्वनाथ राजवंशी, सेवेन सीज सेकेण्डरी स्कुल (शिवसताक्षी) र प्र.अ. सानबहादुर राई, मेची इङ्लिस बोर्डिङ स्कुल (शिवसताक्षी) र प्र.अ. भीम भट्टराई, श्री राष्ट्रिय रमणीय आदर्श उ.मा.वि. (शिवसताक्षी) र प्र.अ. कालीप्रसाद रिजाल, ध्रुवतारा आवासीय मा.वि. (शिवसताक्षी) र प्र.अ. डम्बर खड्का

साथै श्री बालनिकुञ्ज मा.वि. (शिवसताक्षी) र प्र.अ. भीमबहादुर लिम्बूप्रति आभार व्यक्त गर्दछु । परीक्षामा सामेल हुनुहुने सम्पूर्ण विद्यार्थी भाइबहिनीलाई शोध प्रयोजनका लागि सहयोग पुऱ्याउनु भएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

लिम्बू भाषा सम्बन्धी सामग्री पत्रपत्रिका, व्याकरण आदि खोजी गरी उपलब्ध गराइदिनु हुने किराँत याक्थुङ चुम्लुङ, भद्रपुर नगरपालिकाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । छिटो, छरितो र शुद्ध रूपमा कम्प्युटरमा टाइप गरी साथै बेन्डिङमा सहयोग गर्नुहुने सौजन्य डेस्कटप बिर्तामोडकी मैया बराललाई पनि धन्यवाद व्यक्त गर्न चाहन्छु । अन्त्यमा यस शोधपत्रको उचित मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा (झापा)को नेपाली शिक्षा विभाग समक्ष पेश गर्दछु ।

शोधार्थी
मनकुमारी इदिङ्गो

## शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा (झापा)को नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड.दोस्रो वर्ष नेपा.शि. पाठ्यक्रम प्रयोजनको लागि तयार पारिएको हो ।

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य कक्षा सातमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीले नेपाली सिकाइमा गर्ने पदसङ्गतिगत त्रुटिको अध्ययन गर्नु रहेको छ। झापा जिल्लाका लिम्बूभाषी बाहुल्य रहेका सातओटा विद्यालय कक्षा सातमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूको अध्ययन र ती विद्यार्थीहरूले गरेका पदसङ्गतिसम्बन्धी त्रुटिहरूको अध्ययन विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्र विभिन्न सामग्री सङ्कलन गर्ने क्रममा झापा जिल्लाका सातओटा विद्यालयबाट विद्यार्थी छनोट गर्ने क्रममा निम्न विद्यालयहरू समावेश छन् : सेवेनसीज सेकेण्डरी स्कुलबाट ६ जना, मेची इङ्लिस बोर्डिङ स्कुलबाट ९ जना, श्री राष्ट्रिय रमणीय आदर्श उच्च माध्यमिक विद्यालयबाट ७ जना, श्री बाल निकुञ्ज माध्यमिक विद्यालयबाट १२ जना, ध्रुवतारा आवसीय माध्यमिक विद्यालयबाट ११ जना, श्री सरस्वती माध्यमिक विद्यालयबाट १० जना र श्री जानकी माध्यमिक विद्यालयबाट ५ जना गरी जम्मा ६० जना विद्यार्थी छनोट गरेर पदसङ्गतिसम्बन्धी प्रश्न निर्माण गरी परीक्षा लिइएको छ। त्यसैगरी सैद्धान्तिक आधार र शोध विधि एवम् व्याख्या विश्लेषणका लागि विभिन्न पुस्तक र शोध पत्रको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ ।

प्रस्तुत शोधपत्रमा सामग्री सङ्कलन गरिसकेपछि त्रुटिहरू पहिचान गरी ती त्रुटिहरूका क्षेत्र र कारण पत्ता लगाइएको छ। त्यसका लागि त्रुटि विश्लेषण सिद्धान्तअनुसार वर्णनात्मक र विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ ।

दिइएका प्रश्नहरूको उत्तर लेखनका क्रममा छनोट गरेका विद्यार्थीहरूमध्ये केही विद्यार्थीहरूले केही ठाउँमा त्रुटि गरेको पाइए तापनि पदसङ्गतिसम्बन्धी त्रुटि नगरी लेख्ने विद्यार्थी कोही पनि भेटिएन ।

अध्ययन गरेका विभिन्न त्रुटिहरूमध्ये धेरै विद्यार्थीहरूले आदरसङ्गति सम्बन्धी त्रुटि गरेको पाइयो भने थोरै विद्यार्थीहरूले कर्ता-क्रियाबीचको सङ्गति (लिङ्ग, वचन, पुरुष र आदर) सम्बन्धी त्रुटिरहित वाक्य निर्माण गर्न विद्यार्थीहरूले नसकेको पाइयो ।

नाम-सर्वनाम, विशेषण-विशेष्य, भेदक-भेद्य सम्बन्धी त्रुटिमा लिङ्ग, वचन र आदरअनुसारको प्रयोग भएको पाइएन ।

चिठी, निबन्ध, दैनिकी जस्ता स्वतन्त्र लेखनमा समेत पदसङ्गतिसम्बन्धी त्रुटि प्रशस्तै विद्यार्थीले गरेको पाइयो ।

जोडा मिलाउने, खोली ठाउँ भर्ने, निर्देशनअनुसार वाक्य परिवर्तन गर्ने जस्ता पदसङ्गति सम्बन्धी समस्या विद्यार्थीले उचित ढङ्गले समाधान नगरेको पाइयो ।

कक्षा सातमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूले पदसङ्गतिका विभिन्न क्षेत्रमा गरेको त्रुटिहरूमध्ये उनीहरूले आदरसम्बन्धी त्रुटि प्रशस्त गरेको पाइयो ।

कक्षा सातमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूले पदसङ्गतिका विभिन्न क्षेत्रमा गरेको त्रुटिहरूलाई निराकरण गर्नका लागि तालिकामा देखाई विश्लेषण गरिएको छ ।

## विषयसूची


**विषय** **पृष्ठ**

**अध्याय एक**
**परिचय** **१-४**

अध्ययनको पृष्ठभूमि १
समस्या कथन २
अध्ययनको उद्देश्य २
अध्ययनको औचित्य/महत्त्व २
अध्ययनको परिसीमा ४
अध्ययनको रूपरेखा ४

**अध्याय दुई**
**पूर्वकार्यको समीक्षा र सैद्धान्तिक आधार** **५-२३**

पूर्वकार्यको समीक्षा ५
पूर्वकार्यको उपादेयता ९
पदसङ्गतिगत त्रुटि विश्लेषणको सैद्धान्तिक परिचय ९
त्रुटिको परिचय र परिभाषा ९
त्रुटि विश्लेषणको उद्देश्य ११
त्रुटि विश्लेषणको महत्त्व र उपयोगिता ११
त्रुटिका स्रोत तथा कारक तत्त्वहरू १२
त्रुटिको पहिचान १३
त्रुटिको वर्गीकरण १४
त्रुटि विश्लेषण पद्धति १८
त्रुटि विश्लेषण प्रक्रिया १९
पदसङ्गतिगत सम्बन्धी त्रुटि २०
अध्ययनसँग सैद्धान्तिक अवधारणाको सम्बन्ध २३

**अध्याय तिन**
**अनुसन्धान विधि र प्रक्रिया** **२४-२६**

अध्ययनको ढाँचा २४
जनसङ्ख्या २४
नमुना जनसङ्ख्या २४

सामग्री सङ्कलनको स्रोत २५
सामग्री निर्माण २५
तथ्याङ्क सङ्कलनका प्रक्रिया २५
पूर्वपरीक्षण र नतिजा विश्लेषण २५
सामग्री सङ्कलन र वर्गीकरण २५
व्याख्या विश्लेषण २६

**अध्याय चार**

**कक्षा सातका लिम्बूभाषी विद्यार्थीको पदसङ्गतिगत त्रुटि विश्लेषण २७-३९**

परिचय २७
कर्ता र क्रियाबिच पदसङ्गतिगत त्रुटि २७
नाम-सर्वनामबीच पदसङ्गतिसम्बन्धी त्रुटि ३२
विशेषण-विशेष्य पदसङ्गतिसम्बन्धी त्रुटि ३४
भेदक-भेद्यबीचको पदसङ्गतिसम्बन्धी त्रुटि ३५
प्राप्ताङ्कका आधारमा स्तर निर्धारण ३७
सारांश ३९

**अध्याय पाँच**

**सारांश, निष्कर्ष र उपयोगिता ४०-५०**

सारांश ४०
निष्कर्ष ४०
उपयोगिता ४८
सन्दर्भसूची ५१-५२
परिशिष्टहरू

## तालिका सूची


| तालिका नं. | तालिका शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | लिङ्गगत त्रुटि विश्लेषण | २८ |
| २. | वचनगत त्रुटि विश्लेषण | २९ |
| ३. | पुरुषगत त्रुटि विश्लेषण | ३० |
| ४. | आदरगत त्रुटि विश्लेषण | ३१ |
| ५. | नाम-सर्वनामबीच सङ्गतिगत त्रुटि विश्लेषण | ३३ |
| ६. | विशेषण-विशेष्यबीच पदसङ्गतिगत त्रुटि विश्लेषण | ३४ |
| ७. | भेदक-भेद्यबीच पदसङ्गतिगत त्रुटि विश्लेषण | ३५ |
| ८. | समग्र अवस्थाको विश्लेषण | ३६ |
| ९. | प्राप्ताङ्कका आधारमा स्तर निर्धारण | ३७ |